नेपाल सरकार
# अर्थ मन्त्रालय

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था वमोजिम अन्तर सरकारी वित्त परिषदका संयोजक एवम् अर्थमन्त्री श्री रामेश्वर खनालज्यूको अध्यक्षतामा मिति २०८२।०८।१२ गतेका दिन वसेको अन्तर सरकारी वित्त परिषदको एघारौं वैठकले गरेका निर्णयहरु

१. जेन्जी आन्दोलनले अभिव्यक्त गरेको सन्देश अनुसार मुलुकको विकास, सेवा प्रवाह र सुशासनमा केन्द्रित रहेर नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी तीन तहकै सरकारले कार्य गर्ने।

२. प्रतिनिधि सभाको आगामी निर्वाचन तीन तहकै सरकारको क्रियाशीलता एवं साधन, श्रोत परिचालन गरी शान्तिपूर्ण तवरले सम्पन्न गर्न सहयोग गर्ने।

३. प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा वित्तीय सङ्घीयता कार्यान्वयनको पक्षलाई थप प्रभावकारी र परिणाममुखी वनाउन एवं उपलव्ध स्रोतको अधिकतम र गुणात्मक उपयोगिता सुनिश्चित गर्न सरोकारवाला सवैको सहभागितामा अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ लगायतका वित्तीय सङ्घीयता सम्वद्ध ऐन कानुनको संशोधन मस्यौदा तथा वजेट अनुशासन सम्वन्धी कानुनको मस्यौदा तयार गर्ने प्रक्रिया शीघ्र अगाडि वढाउने।

४. स्थानीय र प्रदेश सरकारवाट आवश्यकता र औचित्य विश्लेषण गरेर मात्र कर्मचारी दरवन्दी स्वीकृत गर्ने। दीर्घकालीन दायित्व व्यवस्थापन गर्न स्थायी कर्मचारीको लागि अवकाश कोषमा नियमित योगदान गर्ने व्यवस्था तत्काल मिलाउने।

५. राज्यको आर्थिक दायित्व घटाउन तीन तहको कार्यमा दोहोरो नपर्ने गरी सङ्गठन संरचना तथा कर्मचारी दरवन्दीमा पुनरावलोकन गर्ने कार्य अघि वढाउने। सवै तहका सरकारले मितव्ययिता सम्वन्धी नीतिको कार्यान्वयन गर्ने।

६. तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति तीन तहवाटै कार्यान्वयनमा लैजानुपर्ने भएको हुँदा तत् तहवाट विस्तृत कार्य योजना वनाई वार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी निरन्तर कार्यान्वयनमा लैजाने।

७. राजश्व परिचालनलाई थप प्रभावकारी वनाउन राजस्व चुहावट नियन्त्रण र राजस्व सङ्कलन वृद्धि गर्न तीन तहको सरकारले समन्वय र सहकार्य गर्ने।

८. प्रदेश सरकारको राजश्वको आधार थप फराकिलो वनाउने विषयलाई सरोकारवालाहरू सवैसँग प्राथमिकतामा राख्नका लागि छलफल तथा पहल गर्ने। प्रदेश र स्थानीय तहको राजश्व सङ्कलनको विवरण र राजस्व सङ्कलन

टेलिफोन नं.:- वजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११८६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (वजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

Scanned with CamScanner

नेपाल सरकार
# अर्थ मन्त्रालय

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

क्षमताको पहिचान गर्ने। प्रदेश र स्थानीय तहले राजस्व सङ्कलन सुधार कार्य योजना वनाइ आन्तरिक स्रोत परिचालनलाई प्राथमिकतामा राखी कार्य गर्ने।

९. तीन तहकै सरकारले प्रभावकारी र जवाफदेही आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी वेरुजु न्यूनीकरणमा जोड दिने। यस अघि कायम भएका वेरुजुको वर्गीकृत विवरण तयार गरी फछ्र्यौटका लागि समयवद्ध कार्य योजना सहित द्रुतगतिमा कार्य अगाडि वढाउने।

१०. सङ्घीय सरकारवाट हुने वित्तीय हस्तान्तरणलाई थप अनुमानयोग्य, न्यायोचित र पारदर्शी वनाई स्रोत उपयोगिताको गुणस्तर अभिवृद्धिका लागि राष्ट्रिय योजना आयोगले एकीकृत वित्तीय हस्तान्तरण सूचना प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने।

११. तीनै तहका सरकारका आयोजना वैङ्कहरूका वीच सूचना आदान प्रदान र अन्तरसम्वन्ध कायम गरी आयोजना छनौटमा दोहोरोपना हटाउन र विनियोजन कुशलता अभिवृद्धिका लागि राष्ट्रिय योजना आयोगले आवश्यक प्रणाली र मापदण्ड शीघ्र तयार गर्ने। तहगत सरकारका लागि विकास आयोजना तथा कार्यक्रमको थ्रेसहोल्ड निर्धारण गर्ने।

१२. आयोजनाहरू शुरु हुने तर सम्पन्न नहुने प्रवृत्तिको अन्त्य र सहभागितामूलक आयोजना तर्जुमा विधिवाट आएका परियोजनाहरूको वजेटको सुनिश्चितता लगायतका लागि तीनै तहका सरकारले आयोजना वैङ्कको अवधारणालाई कडाइका साथ लागु गर्ने। पुराना रुग्ण आयोजनाहरूको पहिचान गरी कार्य सम्पन्नको वर्गीकरण तथा सम्पन्न गर्न सकिनेलाई चालु आर्थिक वर्ष भित्र सम्पन्न गरी सम्पन्न हुन नसक्नेका हकमा प्रचलित कानुन अनुसार खारेज वा अन्य विधिवाट फरफारक गर्ने।

१३. वजेट तर्जुमा गर्दा सङ्घीय सरकारले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानीय तहसँग नीतिगत रूपमा छलफल र अन्तरक्रिया गर्ने प्रणालीको विकास गर्ने। संघ, प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्दा वार्षिक कार्यक्रम तथा आयोजनाहरूलाई क्रियाकलापगत रूपमा वाँडफाँट गर्ने। वजेटलाई अवण्डामा राख्ने प्रवृत्तिको अन्त्य गर्ने।

१४. समपूरक र विशेष अनुदानमा सञ्चालित आयोजनाहरू निर्धारित समयमै सम्पन्न गर्ने। यसका लागि कार्यान्वयन तहवाट आवश्यक वजेट अनिवार्य विनियोजन गर्ने।

१५. छिमेकी मुलुकका पर्यटकलाई प्रोत्साहन गर्न नेपाल प्रवेश गर्ने सवारीले भन्सार विन्दुमा अस्थायी पैठारी शुल्क तिरे पछि तोकिएको दिन सम्म निर्वाध रूपमा नेपाल सरहद भित्र अन्य कुनै शुल्क नलिई सहज रूपमा आवागमन हुने व्यवस्था मिलाउने।

१६. सवै प्रदेशको वित्तीय लगायत राजश्वसँग सम्वन्धित कानुनहरूमा सामञ्जस्ययता कायम गर्ने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

Scanned with CamScanner

१७.आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तर्जुमा नभएका प्रदेश र स्थानीय तहले यो कानुन तर्जुमा गर्न प्राथमिकता दिने।

१८.प्रदेश सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको छनौटका लागि प्रदेश स्तरीय आयोजना तर्जुमा निर्देशिका तयार गर्ने।

१९.वजेट तर्जुमा गर्दा युवा, सीमान्तकृत वर्ग तथा भूगोल लक्षित कार्यक्रमहरूलाई सवै तहका सरकारले प्राथमिकता दिने। प्रदेश सरकार तथा स्थानीय तहलाई प्राप्त हुने यथार्थ आयको आधारमा वजेट तर्जुमा गर्ने।

२०.भौतिक पूर्वाधार, पर्यटन विकास र कृषि वजारीकरण लगायतका क्षेत्रमा अन्तर प्रादेशिक सहकार्यमा जोड दिने।

२१.सङ्घ र प्रदेश सरकारको वजेट वृद्धिको अनुपातमा स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वृद्धि गर्ने।

२२.आन्दोलन र प्राकृतिक प्रकोपवाट क्षति भएका सम्पत्तिको राहत, पुनर्स्थापना र पुनर्निर्माणका लागि सवै तहका सरकारले वजेट व्यवस्था गरी कार्यसम्पादन गर्ने।

२३.करदातालाई सहज रूपमा सेवा उपलब्ध गराउन करदाता सेवा कार्यालयहरूवाट प्रदान भईरहेका सेवाहरू स्थानीय तहवाट प्रदान हुने व्यवस्था मिलाइएकोले स्थानीय तहले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

मिति : २०८२ मंसिर १४ गते आइतबार

टंक प्रसाद पाण्डेय
सहसचिव एवम् प्रवक्ता

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

Scanned with CamScanner